**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**कृषि बिभाग**
**हरिहरभवन, ललितपूर**

मितिः २०८०/०९/१२

## सूचीकरणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि , २०६९ को परिच्छेद ३ दफा ७ मा व्यवस्था भएबमोजिम प्राङ्गारिक कृषि प्रमाणीकरण निकायको कार्य सम्पादन प्रणालीको निरीक्षणको लागि राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकाय ले प्राङ्गारिक निरीक्षक तोक्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले प्राङ्गारिक निरीक्षकमा सुचीकृत हुनको लागि यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र संलग्न फर्म्याट अनुसारको आवेदन कृषि विभागमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट www.doanepal.gov.np वा फोन नं.०१-५५२४२२९ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

- अधिकृत स्तरको स्थायी कर्मचारी हुनुपर्ने।
- कम्तीमा कृषिमा स्नातक डिग्री गरेको हुनुपर्ने।
- कम्तीमा एक हप्ताको अर्गानिक इन्स्पेक्टर तालिम लिएको हुनुपर्ने।
- कृषि क्षेत्रमा काम गरेको कम्तीमा ३ वर्षको अनुभव भएको हुनुपर्ने।

नोटः प्राङ्गारिक कृषिमा अनुभव भएकालाई प्राथमिकता दिईनेछ।

# निवेदन फारमको ढाँचा

मितिः

श्रीमान् अध्यक्षज्यू,
राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकाय

**विषयः प्राङ्गारिक निरीक्षकमा सूचीकृत हुन पाउँ**

महोदय,

उपरोक्त सम्बन्धमा राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको प्राङ्गारिक निरीक्षकको सूचीकरणको लागि आवेदन पेश गर्न मिति ................मा प्रकाशित सूचना अनुसार म .....................को आवश्यक सम्पूर्ण योग्यता पुगेकोले प्राङ्गारिक निरीक्षकको रुपमा सूचीकृत हुनको लागि यो निवेदन पेश गरेको छु। साथै आवश्यक तपसिल बमोजिमका कागजपत्रहरु यसै निवेदनको साथ पेश गरेको छु ।

तपसिल

१. स्थायी नियुक्ति पत्र
२. शैक्षिक योग्यताको प्रमाणपत्रहरु
३. अर्गानिक इन्स्पेक्टरको तालिम लिएको प्रमाणपत्रहरु
४. प्राङ्गारिक कृषिसँग सम्बन्धित अनुभवको अन्य प्रमाणपत्रहरु
५. कार्यालयको सिफारिस पत्र

...................
निवेदक